रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ रामग्राम, पौष २४ गते, २०८१ साल संख्या ७

## भाग-२

## नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/२४

**प्रस्तावनाः** नगर भित्र छरिएर रहेका युवाहरुलाई गोलबन्द गर्दै, उनीहरुको शारीरिक/मानसिक विकासमा टेवा पुऱ्याउदै, युवासँग जोडिएको दुर्व्यसनी जस्ता आम समस्या हटाउँदै, खेलकुद मार्फत सामाजिक सद्भाव कायम गर्न/गराउन मात्र नभई व्यवसायीक खेलाडी उत्पादन गर्दै समृद्ध नगर निर्माणको महाअभियानलाई साथ सहयोग प्रदान गर्न र खेलकुद मार्फत नगरलाई राष्ट्रिय अन्तराष्ट्रिय रुपमा परिचित गराउन दक्ष, सक्षम एवम् प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने महान उद्देश्यका साथ खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई ऐक्यवद्धताका साथ प्रोत्साहन तथा नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) लाई व्यवस्थित गर्न दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यापालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।'

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ।

## परिच्छेद – २

## परिभाषा

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "नगरपालिका" भन्नाले रामग्राम नगरपालिकालाई जनाउँछ।

(ख) "कार्यविधि" भन्नाले रामग्राम नगरपालिका "नगर खेलकूद विकास समिति कार्यविधि, २०८१" सम्झनु पर्छ।

(ग) "नगर खेलकूद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकूद समिति" समेत भनिन्छ।

(घ) "संयोजक" भन्नाले नगर खेलकूद विकास समितिको संयोजकलाई सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले नगर खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ।

(च) "सदस्य-सचिव" भन्नाले नगर खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ज) "उप-प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनु पर्छ।

(ट) "स्थानीय सरकार" भन्नाले रामग्राम नगरपालिकालाई सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ड) "खेलकूद" भन्नाले रामग्राम नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्छ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्छ।

(ण) "प्रशिक्षक" भन्नाले रामग्राम नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, खेलाडी टिम, क्लब, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकूद प्रशिक्षिक सम्झनु पर्छ।

(त) "प्रशिक्षार्थी" भन्नाले रामग्राम नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ।

## परिच्छेद – ३

३. **सल्लाहकार समिति गठनः** (१) नगरको समग्र खेलसँग सम्बन्धित कार्यक्रम र नगर खेलकूद विकास समितिलाई आवश्यक सहयोग र सल्लाह प्रदान गरी मार्ग निर्देशन गर्न देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उप-प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक – सदस्य

(ङ) शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

## नगर खेलकूद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४. **नगर खेलकूद विकास समितिको गठनः** (१) खेलकूदको विकास गर्नको लागि रामग्राम नगरपालिकामा देहाय बमोजिमको ११ सदस्यीय "खेलकूद विकास समिति" को गठन हुनेछ।

(क) रामग्राम नगर कार्यपालिकाले खेल सम्बन्धी अनुभव भएको खेलाडी, प्रशिक्षक वा खेल क्षेत्रमा ख्याति कमाएको रामग्राम नगर क्षेत्र भित्रको तोकेको व्यक्ति – संयोजक

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना – सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट रामग्राम नगरपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना – सदस्य

(घ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना – सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु वा खेल शिक्षकहरुमध्येबाट प्रमुखद्वारा मनोनित १/१ जना – सदस्य

(च) सम्बन्धित शाखाको शाखा प्रमुख वा निजले तोकेको कर्मचारी १ जना – सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय तथा संयोजकको कार्यकक्षको व्यवस्थापन नगरपालिकाले गर्नुपर्नेछ,

(४) नगर खेलकूद विकास समिति अन्तर्गत आवश्यकताको आधारमा प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ।

४.१ **वडा खेलकूद विकास समितिको गठनः** (१) वडा स्तरमा सञ्चालन हुने खेलकूदहरु सञ्चालन गर्न, वडा स्तरका शैक्षिक संस्था, क्लव, टिमलाई खेलकूदमा समावेश गर्न तथा वडा स्तरमा खेलकूदमा हुनुपर्ने लगानी पूर्वाधार तथा अन्य खेल सम्बन्धी विषयमा वडा समितिलाई सल्लाह सुझाव प्रदान गर्नको लागि वडा स्तरमा देहाय बमोजिमको ११ सदस्यीय "वडा खेलकूद विकास समिति" को गठन हुनेछ।

(क) सम्बन्धित वडा समितिले खेल सम्बन्धी अनुभव भएको खेलाडी, प्रशिक्षक वा खेल क्षेत्रमा ख्याति कमाएको सम्बन्धित वडाक्षेत्र भित्रको तोकेको व्यक्ति – संयोजक

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट वडा समितिले बाट मनोनित ३ जना – सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट वडा समितिबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना – सदस्य

(घ) वडा स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना – सदस्य

(ङ) सम्बन्धित वडा भित्रका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु वा खेल शिक्षकहरुमध्येबाट प्रमुखद्वारा मनोनित १/१ जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव १ जना – सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) वडा स्तरमा सञ्चालन हुने खेलकूद प्रतियोगिता व्यवस्थापन तथा सञ्चालन गर्न र वडा स्तरीय खेलकुद समितिको प्रशासनीक खर्च व्यवस्थापन गर्न वडा समितिले वार्षिक बजेट विनियोजन गर्नेछ।

(४) वडा स्तरीय खेलकूद समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

**(५) नगर खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकारः** नगर खेलकूद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर स्तरमा सञ्चालन गरिने खेलकूदसम्बन्धी क्यालेण्डर बनाउने र स्वीकृत गर्ने,

(ख) स्थानीय स्तरका खेलकूदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्न सल्लाह सुझाव प्रदान गर्ने,

(ग) खेलकूदको स्तरमा अभिवृद्धि ल्याउन नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने/गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसारका विषयवस्तु पाठ्यक्रम समावेश गर्ने गराउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने,

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीहरुलाई स्रोतको व्यवस्थापन गरी अन्य गा.पा./न.पा., जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकूद सम्बन्धी क्लव, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(झ) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो आदिको स्रष्टा एवम् निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्न नगरपालिका समक्ष सिफारिस गर्ने,

(ञ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी संस्थासँग समन्वय गरी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार स्वदेश वा विदेशमा समेत लातिम हासिल गर्नको लागि पठाउने,

(ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रवद्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) नगर स्तर, वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,

(त) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(थ) नगरपालिकासँग समन्वय तथा सहकार्य गर्दै विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्ने,

(द) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने,

(ध) खेलको प्रकृति अनुसार खेलमा सहभागी हुने टिम, क्लव, समुह, विद्यालय र कलेजहरु तोक्ने।

**६. सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

(क) बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने,

**७. समितिका सदस्यहरुको पदावधिः** (१) मनोनित सदस्यहरुको पदावधि तीन (३) वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचनमा भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ,

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिने छ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्न लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारबाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन

**८. सदस्यको योग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत, नेपाल सरकारबाट तलब भत्ता खाने कर्मचारी वा पदाधिकारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदातलबाट कसूरदार ठहरी सजाय पाएको

(ङ) मगज विग्रेको,

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको,

**९. सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा।

**९.१** तोकिए अनुसारको कार्य पुरा नगरेमा, कार्य सन्तोषजनक नभएमा कार्यपालिकाको निर्णयबाट संयोजकलाई हटाउन सकिनेछ।

## परिच्छेद -४

## समितिको बैठक

**१०. समितिको बैठक र निर्णयः** (१) आवश्यकता अनुसार संयोजकको सरसल्लाहमा सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक २/२ महिनामा अनिवार्य बस्नु पर्नेछ र आवश्यकताको आधारमा सो भन्दा बढी पटक पनि बस्न सक्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरे संयोजकले ७ (सात) दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मद दिन पाउने छ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य – सचिवले राख्नेछ।

## परिच्छेद – ५

## टिम, क्लव, संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

**११. खेलकूद सम्बन्धी संस्थाको दर्ताः** (१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १३ बमोजिम दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकूद टिम, क्लव, संघ संस्थाले रामग्राम नगरपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

(३) यस न.पा. भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई दर्ता भए सरहको टिम मानिनेछ।

**१२. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) रामग्राम नगरपालिका भित्र सञ्चालित क्लव वा खेलकूद सम्बन्धी समितिहरुले देहायका कुराहरुलाई समितिमा नाम दर्ताको फाराम शुल्क रु. ५० सिफारिस शुल्क रु. २५० र दर्ता शुल्क रु. २५० का साथ अनुसूचि १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्ने

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकूदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा खेलकूद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाणपत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

**१३. खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः** (१) दफा १३ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतिस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगत नाम दर्ता गराई अनुसूचि-२ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ।

(२) पहिल्यै दर्ता भई सकेको संस्था भए नगरपालिकामा सूचिकृतको लागि अनुसूचि-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(३) सूचिकृत भएका संस्थाहरुलाई अनुसूचि-४ बमोजिम प्रमाणपत्र दिईनेछ। प्रमाणपत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(४) दर्ता वा सूचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूचि ५ बमोजिमको ढाँचामा हुनुपर्नेछ,

(५) नगरपालिकामा दर्ता वा सूचिकृत गर्दा आवेदन फाराम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन,

(६) प्रत्येक वर्षको असाढ मसान्तभित्र सबै दर्तावाला वा सूचिकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ,

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा (PAN) नं. लिएको हुनु पर्नेछ,

(८) दर्ता र नविकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ,

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकूद सम्बम्धी संस्थालाई दिनुपर्नेछ,

(१०) दर्ता भएको टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकूदको प्रतियोगिता गर्नुभन्दा अगाडी नगर खेलकूद समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ,

(११) नगर खेलकूद समितिमा दर्ता भएका टिम, क्लव, संघ संस्थाहरुले नगर खेलकूद समितिको उद्देश्य अनुसार खेलकूद विकास समितिको सिफारिसमा नगरपालिकाले आवश्यक रकम उपलब्ध गराउन सक्नेछ,

(क) वडा स्तरीय प्रतोयोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५,०००/- देखि रु. १०,०००/- सम्म ।

(ख) नगर व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १०,०००/- देखिन रु. २०,०००/- सम्म।

(ग) उपत्यका र जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु. १५,०००/- देखि रु. ३०,०००/- सम्म।

(घ) प्रादेशिक वा राष्ट्रियस्तरको प्रतियोगिताका लागि (वर्षमा १ पटक) वढीमा रु. २०,०००/- देखि रु. ५०,०००/- सम्म।

(ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने, प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन नगरपालिका समक्ष सिफारिस गरि सक्दो आर्थिक सहयोग उपलब्ध गराईने छ।

(च) नगर खेलकूद समितिले टिम दर्ता निवेदन फाराम, नविकरण फाराम, प्रशिक्षक, प्रशिक्षार्थी फाराम, परिचयपत्र, दर्ता प्रमाणपत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ।

**१४. हेरफेर सूचना गर्नु पर्नेः** (१) यो ऐन बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई अद्यावधिक बनाई राख्नु पर्नेछ।

**१५. खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नुपर्नेः** (१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ।

(३) खेलकूद समितिले उपदफा (२) बमोजिम खुलकूद सम्बन्धी संस्थाको श्रेस्ता जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएक वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनु पर्नेछ।

(४) खेलकूद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि रामग्राम नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

(५) कोषका श्रेस्ताहरु देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार, राष्ट्रिय खेलकूद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकूद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

(ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

(ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

(घ) नगरभित्रका टिम, क्लव दर्ता आवेदन शुल्क, नविकरण शुल्क र फाराम शुल्क,

(६) यस कोषको सञ्चालन नगर खेलकूद समितिको निर्णय अनुसार हुनेछ।

(७) नगर खेलकूद समितिको अध्यक्षले बढीमा रु. १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ। यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौट गर्नुपर्नेछ।

**१६. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः** (१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकूद संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्ने छ।

**१७. समितिको स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धी संस्थाले खेलकूद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय केलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा रामग्राम नगरपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ।

**१८. सदस्यहरुको भत्ताः** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन्।

(२) सदस्यले समितिको काम वेशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन्।

## परिच्छेद -६

## खेलकूद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**१९. कार्यक्रम तथा बजेटः** (१) खेलकूद विकास प्रवद्धनको लागि रामग्राम नगरपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नेछ।

(२) नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

(३) खेलकूद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

(४) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागि भएका खेलाडी या प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

(५) रामग्राम नगरको कला, संस्कृति र खेलकूद विकासको लागि आवश्यकता अनुसार टिम, क्लव तथा संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ।

**२०. खेलकूद प्रतियोगिता व्यवस्थापनः** (१) अन्तर पालिका लगायतका विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लव, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराइनेछ।

(२) नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ।

२.१ नगर बाहिर भाग लिन जानेको हकमाः

(क) प्रतियोगितामा भाग लिन जाँदा खाना, बास र पारवहनका लागि खर्च उपलब्ध गराईनेछ।

(ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ७००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

(३) नगर आयोजनामा सञ्चालन हुने नगर स्तरीय खेलकूद प्रतियोगितामा खेल खेल्ने क्रममा सामान्य घाउ चोटपटकको उपचार नगर स्तरीय खेलकूद समितिले गर्नेछ। घाउ चोटपटक भन्दा माथिल्लो स्तरको घाईते भई जस्तै हात खुट्टा भाँचिएमा, भित्री अंगमा चोट लागेमा उपचारको लागि नगर कार्यपालिकाको सिफारिसमा नगरपालिकाले खर्च व्यवस्थापन गर्नेछ।

## परिच्छेद – ७

## खेलकूद पूवाधार निर्माण तथा मर्मत

२१. **खेलकूद पूर्वाधार निर्माण तथा मर्मतः** (१) कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

(२) विशेष तरिकाले मर्मत सम्बन्धित प्राविधिककहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ। तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

(३) खेलकूद पूर्वाधार (स्टेडियम, खेलकूद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकूद समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण गर्नेछ।

## परिच्छेद – ८

## आचार संहिता

२२. **आचार संहिताः** (१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी र नगर कार्यपालिका र कार्यपालिका सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइने छैन।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन। तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गर्रिंदा नेपाली टिमको बाहुल्यता भएमा मात्र मान्यता दिइनेछ।

(ग) प्रतिस्पर्धात्मक खेलमा दर्ता नभएका टिमलाई मान्यता दिइने छैन।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्नेछैन।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन तर संरक्षण गर्ने भने बाधा पर्ने छैन।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पत्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाका स्वीकृत र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचिकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

(ठ) नगर खेलकुद विकास समितिले तोकेका खेलका नियमहरु सबैले पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

२३. **सौजन्यताः** दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ। संस्थाको सौजन्यताबाट प्राप्त जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राखु पर्नेछ।

## परिच्छेद -९

## सजाय

२४. **जरिवानाः** (१) दर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ।

(क) एक वर्षसम्म पनि नविकरण नगरेमा रु. १,०००/-

(ख) दुई वर्षसम्म पनि नविकरण नगरेमा रु. २,५००/-

(२) तीन वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचिबाट हटाइनेछ र यसरी समयमै नविकरण नगरी दर्ताको सूचिबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।

(३) समयमै नविकरण नगर्ने, संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न बिलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असुल उपर गर्न सक्नेछ।

**२५. सजायः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा वदनियतका साथ समितिलाई हानी नोक्सानी पुऱ्यायमा निजलाई रु. २०,०००/- (बीस हजार) जरिवाना हुन सक्नेछ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा आर्थिक ऐन अनुसार कारवाही हुनेछ।

(३) खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत क्षेत्रको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ। नियमहरु पालना नगर्ने, अनुशासनहिन काम गर्ने क्लव, टिम, विद्यालय, खेल समूह तथा खेलाडीले पाएको मेडल ट्रफि समेत जफत गरीनेछ। तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकूद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागि हुन नपाउने गरी नगर खेलकूद समितिले निलम्बन गर्न सक्नेछ।

**२६. पुरस्कारः** वर्षभरिका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।

**२७. संस्थाको विघटनः** (१) दर्ता भएको खेलकूदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ३ वर्षसम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत् विक्षत भएमा।

**२८. विघटित संस्थाको सम्पत्ति विघटनः** विघटन भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ।

**२९. असल नियतले गरेको काम बचाउः** यस निर्देशिका बमोजिम खेलकूद सम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारबाही गरिने छैन।

३०. यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**३१. प्रतिवेदनः** समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**३२. बाधा अडकाउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार रामग्राम नगरपालिकालाई हुनेछ।

**३३. संशोधनः** यस निर्देशिकालाई नगर कार्यापालिकाले आवश्यतानुसार संशोधन गर्न सक्नेछ।

## अनूसुचि-१

**(दफा १३ को उपदफा १ सँग सम्बन्धित)**

मितिः ..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रामग्राम नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.प.)।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकूद सम्बन्धी संस्था दर्ता गर्ने मनासयले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तय गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखि विधान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेकोछु/छौं। नियमानुसार संस्था दर्ता गरि दिनुहुन अनुरोध गरिन्छ।

संस्थाको कार्यालय रहने स्थानः .......................................................

रामग्राम नगरपालिका वडा नं. ................... टोलको नामः ..........................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |
| दस्तखत | दस्तखत |

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

(क) संस्थाको विधानको मस्यौदा

(ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

(ग) संस्थाको छापको नमूना

<u>अनुसुचि – २</u>

<u>(दफा १४ को उपदफा १ सँग सम्बन्धित)</u>

स्थानीय सरकार

**राग्राम नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**रामग्राम, नवलपरासी (ब.सु.प.)**

मितिः .....................................

संस्था दर्ता प्रमाणपत्र

संस्थाको नामः ...................................................................................

ठेगानाः ............................................................

दर्ता हुँदाका वखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृति गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ। रामग्राम नगर खेलकूद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत
रामग्राम नगरपालिका

संस्था नविकरणको विवरणः

| क्र.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहि र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुचि – ३

**(दफा १४ को उपदफा २ सँग सम्बन्धित)**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामग्राम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
रामग्राम, नवलपरासी (ब.सु.प.)

विषयः संस्था सूचिकृत गरिदिनुहुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। नगर कार्यपालिकाको नियमानुसार संस्था सूचिकृत गर्नुपर्ने भएकोले नियम अनुसार अनुरोध गर्दछौं।

संलग्न कागजातहरुः

(क) दर्ता प्रमाणपत्र।
(ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन।
(ग) कर चुक्ता प्रमाणपत्र।
(घ) कार्य समितिको निर्णय।

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

## अनूसुचि – ४

**(दफा १४ को उपदफा ३ सँग सम्बन्धित)**

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामग्राम, नवलपरासी (ब.सु.प.)।

संस्था सूचिकृत प्रमाणपत्र।

संस्थाको नामः ...........................................................................
ठेगानाः ..............................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्था सूचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ। वर्दघाट नगर खेलकूद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ।

संस्था नविकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनूसुचि – ५**

**(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)**

मितिः ...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामग्राम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
रामग्राम, नवलपरासी (ब.सु.प.)

विषयः संस्था नविकरण गरी पाउँ ।

..................................................................... नामक संस्था यस नगरपालिकामा दर्ता/सूचिकृत भई खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखि नविकरण गरि पाउँ भनि निवेदन गर्न आएको छु/छौं। अतः आर्थिक वर्ष ................. को संस्था नविकरण गरी पाउँ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) आर्थिक वर्ष ..................... को लेखापरीक्षण प्रतिवेदन,

(ख) संस्थाको वार्षिक गतिविधि,

(ग) भावि योजना र बजेट।

निवेदक

................................

प्रमाणीकरण मितिः २०८१/०९/२४

आज्ञाले
यम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत